एक्लै र एक्लैन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपकराज गिरी र दीपाश्री निरौलाको समूहले "छ माया ख्यक्कै" शृंखलालाई निरन्तरता दिने भएको छ। "छक्का पञ्जा ५" पछि "छ माया ख्यक्कै २" निर्माण गरेको यो समूहले यसको तेस्रो भागसमेत ल्याउने घोषणा गरेको हो। प्रदर्शनरत दोस्रो भागको अन्त्यमा तेस्रो भाग "छ माया ख्यक्कै ३" को घोषणा गरिएको छ। साथै, प्रदर्शन मिति समेत सार्वजनिक गरिएको छ। घोषणाअनुसार फिल्म २०८४ सालको दसैंमा प्रदर्शनमा आउनेछ।


आजको विचार...



माया ...
(दुई पेजमा)

पदम न्यौपाने

अभिनेत्री ऋचा शर्मा व्यापारमा प्रवेश गरेकी छन्। ऋचा "माथिन किड्स" मार्फत व्यापारमा प्रवेश गरेकी हुन्। "माथिन किड्स"मा बालबालिकाका लुगा पाइन्छ। काठमाडौंको जीवी स्वयाचर र पोखराको न्युरोडस्थित जीवी स्वयाचरमा "माथिन किड्स"को आउटलेट रहेको छ। ऋचा एक्लैले सुरु गरेको "माथिन इ किड्स" दुई लाखबाट सुरु भएको व्यापार हो। ""माथिन किड्स" म एक्लैले सुरु गरेको हुँ। मैले कसैसँग लोन नलिई दुई लाखबाट सुरु गरेको हुँ।"



❐ वर्ष ३२ ❐ अंक १०२ ❐ २०८३ कार्तिक १८ गते बुधबार 4 November 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

रुसी बम आक्रमणमा २६ जनाको मृत्यु

एजेन्सी

युक्रेन, कार्तिक १७/युक्रेनको दक्षिणी जापोरिज्जिया क्षेत्रस्थित कोमिशुभाखा गाउँमा रुसी बम आक्रमण हुँदा कम्तीमा २६ जनाको मृत्यु भएको बिबिसिले जनाएको छ । मानवीय सहायता सामाग्री वितरणका लागि प्रयोग भइरहेको केन्द्रलाई लक्षित गरी सोमबार भएको उक्त आक्रमणमा थप पाँच जना घाइते भएका छन् भने केही व्यक्ति अझै भग्नावशेषमा पुरिएको आशंका गरिएको छ । क्षेत्रीय प्रमुख मिखाइलो सेमिकिनका अनुसार गाउँमा कम्तीमा नौवटा तीन हजार किलोका हवाई बम प्रहार गरिएको थियो । आक्रमणबाट स्थानीय विद्यालयमा रहेको सहायता वितरण केन्द्र ध्वस्त भएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणलाई 'अत्यन्त भयावह' भन्दै रुसी सेनाले सहायता लिन भेला भएका नागरिकलाई लक्षित गरेको आरोप लगाएका छन् । उनका अनुसार विद्यालयमा पहिलो आक्रमण भएपछि मानिसहरू आश्रय लिइरहेको स्थानमा दोस्रो आक्रमण गरिएको थियो । युक्रेनको आपत्कालीन सेवा र उद्धार टोलीले भग्नावशेषमा खोजी जारी राखेका छन् ।

लुम्बिनीमा विश्व शान्तिका लागि पूजा : बाह्र देशका बौद्ध धर्मावलम्बी सहभागी

हाम्रा संवाददाता

लुम्बिनी, कार्तिक १७/ विश्वशान्ति, मानव कल्याण तथा सम्पूर्ण प्राणी जगत्को सुख, समृद्धि र सुस्वास्थ्यको कामना गर्दै बुद्ध जन्मस्थल लुम्बिनीमा सातदिने विशेष धार्मिक पूजा सुरु भएको छ । महायानी बौद्ध परम्पराअनुसार आयोजना गरिएको उक्त विशेष पूजामा विभिन्न देशका बौद्ध धर्मावलम्बी, लामा गुरु तथा श्रद्धालुहरूको उल्लेख्य सहभागिता रहेको छ । लुम्बिनीको पश्चिम विहार क्षेत्रमा अवस्थित पाल थुब्तेन सेङुप लिङ विहार (हजार स्वर्ण बुद्ध टेम्बल) मा आइतबारदेखि पूजा प्रारम्भ भएको हो ।

सात दिनसम्म सञ्चालन हुने धार्मिक तथा आध्यात्मिक कार्यक्रम आगामी कार्तिक २१ गते सम्पन्न हुनेछ । सम्पूर्ण मानव समुदायसहित समस्त प्राणीहरूको रक्षा, हित, सुख, शान्ति र दीर्घायुको कामना गर्दै महायानी बौद्ध परम्पराअनुसार पूजा आयोजना गरिएको आयोजकले



जनाएको छ । धार्मिक आस्था, करुणा, मैत्रीभाव र विश्वबन्धुत्वको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा स्वदेशी तथा विदेशी श्रद्धालुहरूको सहभागिता रहेको छ ।

पूजामा १२ विभिन्न मुलुकका करिब १५० जना विदेशी नागरिकसहित कुल ५५० जनाको सहभागिता रहेको छ । विभिन्न देशबाट आएका बौद्ध धर्मावलम्बीहरूको उपस्थितिले लुम्बिनीको अन्तर्राष्ट्रिय धार्मिक तथा आध्यात्मिक महत्त्वलाई थप उजागर गरेको छ । भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आयोजना भएको यस कार्यक्रमले विश्वभर शान्ति, सद्भाव र करुणाको सन्देश फैलाउन सहयोग पुग्ने विश्वास गरिएको छ । कार्यक्रममा महायानी बौद्ध धर्मअन्तर्गत कानिङ सम्प्रदायका मूलगुरु छोक्यी न्यीमा रिन्पोछेले सहस्र बुद्धको अभिषेक तथा धार्मिक प्रवचन दिइरहेका छन् । उनको उपस्थितिमा सञ्चालन भइरहेको अभिषेक तथा प्रवचन कार्यक्रममा श्रद्धालुहरूले धार्मिक विधिअनुसार सहभागिता जनाइरहेका छन् । बुद्धका उपदेश, करुणा, अहिंसा, परोपकार र मानव कल्याणका विषयलाई केन्द्रमा राखेर कार्यक्रम अघि बढाइएको छ । यस धार्मिक कार्यक्रमलाई तिब्बती बौद्ध परम्पराको महत्वपूर्ण पर्व 'ल्हाबाब दुछेन' सँग जोडेर आयोजना गरिएको हो । बौद्ध धर्मावलम्बीहरूका लागि विशेष आध्यात्मिक महत्त्व बोकेको ल्हाबाब दुछेन भगवान् बुद्धको दिव्य जीवनसँग सम्बन्धित महत्वपूर्ण पर्वका रूपमा मनाइन्छ । बौद्ध धार्मिक मान्यताअनुसार भगवान् गौतम बुद्धले आफ्नी माता तथा देवगणलाई धर्मोपदेश दिन देवताहरूको लोकमा पुगेका थिए । त्यहाँ धर्मदेशना सम्पन्न गरेपछि पुनः मानव लोक अर्थात् पृथ्वीमा अवतरण गरेको पवित्र घटनाको स्मरणमा यो पर्व मनाउने परम्परा छ ।

-बाँकी वान्तिम पेजमा...

भाइटीकाको शुभसाइत ११:०७ बजे



पाल्पा, कार्तिक १७/ नेपाल पञ्चाङ्ग निर्णायक समितिले तिहारको साइत सार्वजनिक गरेको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार २०८३ सालको भाइटीकाको शुभसाइत कात्तिक २५ गते बिहान ११ बजेर ७ मिनेटमा रहेको हो । समितिका अनुसार यस वर्ष यमपञ्चकअन्तर्गतका पर्वहरू कात्तिक २० गतेदेखि सुरु हुने छन् । कात्तिक २० गते शुक्रबार धनत्रयोदशी (धन्तेरस) र यमदीपदान गरिनेछ । कात्तिक २१ गते शनिबार काग तिहार तथा धन्वन्तरि जयन्ती मनाइनेछ । त्यस्तै, कात्तिक २२ गते आइतबार नरक चतुर्दशी, कुकुर तिहार र लक्ष्मीपूजा परेको छ । कात्तिक २३ गते सोमबार गाईपूजा हुनेछ भने कात्तिक २४ गते मंगलबार गोवर्धन पूजा, गोरुपूजा, बलिपूजा, हलितिहार र म्हपूजा मनाइनेछ । सोही दिन नेपाल संवत् ११४७ प्रारम्भ हुनेछ । यमपञ्चकको अन्तिम दिन कात्तिक २५ गते बुधबार यमद्वितीया तथा भाइटीका मनाइनेछ । समितिले भाइटीकाको दिन दाजुभाइ पश्चिम फर्किएर र दिदीबहिनी पूर्व फर्किएर टीका लगाउनुपर्ने जनाएको छ ।

सिन्कामारी रोटीको व्यवसायबाट राम्रो आम्दानी

दाङ, कार्तिक १७/ दाङ लमही नगरपालिका-५ कोलहीमा बस्दै आएकी वसन्ता गिरी आजभोलि तिहारका लागि सिन्कामारी रोटी बेच्न व्यस्त छिन् । उनले विगत पाँच वर्षदेखि तिहारलाई लक्षित गरेर सिन्कामारीको व्यवसाय गर्दै आएको बताइन् ।

गुराँस सिन्कामारी उद्योगमार्फत व्यवसाय गर्दै आएकी उनलाई विशेषगरी तिहारमा खाइने सिन्कामारी रोटी बेच्न आजभोलि भ्याइनभ्याइ भएको छ । उनले बनाएको सिन्कामारी अहिले लमही बजारसँगै नजिकका गाउँहरुमा बिक्री हुने गरेको छ । उनले धेरैजसो घरबाट नै बिक्री गर्दै आएकी छन् । तिहारको समय र बिहेको सिजनमा बढी बिक्री हुने गरेको उनको भनाइ रहेको छ । उनलाई सिन्कामारी रोटी उत्पादनमा श्रीमानले पनि साथ दिन्छन् । "खाली समय बसेरै खेर फाल्नुभन्दा व्यवसाय पनि भएको छ, अनि समयको सदुपयोग पनि", उनले



भनिन्, "तिहारलाई लक्षित गरेर गरेको यो व्यवसायले अघि पछि पनि राम्रो आम्दानी दिएको उनी बताउछिन् । उनले तिहारको समयमा मात्रै रु डेढ, दुई लाखको बिक्री गर्ने गरेको बताइन् ।" उनले अघिपछि पनि मागअनुसार उत्पादन गरेर बिक्री गर्दै आएकी छिन् । थोरै सर्छै स्टक राख्ने पनि गरेको उनले बताइन् । आजभोलि दैनिकजसो उनले रु २० हजार बढीको सिन्कामारी रोटी बिक्री गर्दै आएकी छिन्। "फुर्सदको समय यत्तिकै बिताउनुभन्दा यो काम गरेपछि आयआर्जन पनि भएको छ," उनले भनिन्, "सीप भएका महिलालाई फुर्सदको समय सदुपयोगको साथै आयआर्जनको अवसर मिलेको छ ।"

- बाँकी वान्तिम पेजमा...

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

वास्तविक किसानलाई अनुदान देऊ

सरकारले कृषि क्षेत्रमा दिइने अनुदानको लाभ वास्तविक किसानले पाउन सकेको छैनन् । हरेक वर्ष सरकारले दिईं आएको करोडौंको अनुदान रकम वास्तविक किसानभन्दा गैर किसानले पाउने गरेका छन् । यो अत्यन्त दुखको कुरा हो ।

प्रत्येक वर्षको बजेटमा किसानका नाममा केही न केही सुविधाहरूको सम्बोधन हुने गरेको छ । तर, यस्तो सुविधा पहुँचवाला किसानको हातमा मात्र जाने गरेको छ । वास्तविक गरिब र विपन्न किसान यस्ता सुविधा लिनेबाट धेरै टाढा छन् । सरकारले दिने अनुदानमा मात्र किसान वञ्चित भएका होइनन्, उनीहरूले समयमा मलखाद, बीउबिजन केही पनि पाउने वातावरण बनेको छैन । कागजमा किसान देखिने, पहुँच र शक्तिका आधारमा अनुदान हात पार्ने तर दिनरात खेतबारीमा पसिना बगाउने वास्तविक किसान राज्यको सुविधाबाट वञ्चित हुने अवस्था अन्त्य हुनुपर्छ । सरकारले कृषि उत्पादन वृद्धि, आधुनिकीकरण र व्यावसायीकरणका नाममा विभिन्न अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ । बीउबिजन, मल, कृषि औजार, सिँचाइ, पशुपालन, फलफूल खेती तथा कृषि व्यवसायका लागि अनुदान वितरण गरिन्छ । तर अनुदान वितरण प्रक्रियामा पारदर्शिता र निष्पक्षताको अभाव हुँदा वास्तविक किसानभन्दा पहुँचवाला, राजनीतिक निकटता भएका व्यक्ति तथा कागजी किसानले बढी लाभ लिने गरेका गुनासा सुनिन्छन् । कतिपय अवस्थामा अनुदान लिनकै लागि नक्कली कृषि फार्म दर्ता गर्ने र सरकारी सुविधा दुरुपयोग गर्ने प्रवृत्तिसमेत देखिन्छ । अनुदानको मूल उद्देश्य किसानलाई उत्पादनमा प्रोत्साहन गर्नु, लागत घटाउनु र कृषि पेसालाई सम्मानित तथा लाभदायक बनाउनु हो । तर वास्तविक किसानले मल, बीउ, सिँचाइ, बजार र उचित मूल्यको अभाव झेलिरहने अनि अनुदानको ठूलो हिस्सा पहुँचवालाको हातमा पुग्ने हो भने यस्तो व्यवस्थाले कृषि क्षेत्रको विकास गर्न सक्दैन । राज्यको लगानीले किसानको जीवनस्तरमा सुधार ल्याउन सकेन भने अनुदान कार्यक्रमको औचित्यमाथि नै प्रश्न उठ्छ । त्यसैले अब सरकारले अनुदान वितरणको परम्परागत शैली परिवर्तन गर्नुपर्छ । पहिलो प्राथमिकता वास्तविक किसानको पहिचान हुनुपर्छ । किसानले गरेको खेतीको क्षेत्रफल, उत्पादन, कृषि पेसामा संलग्नता र वास्तविक आवश्यकताका आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्छ । स्थानीय तहले किसानको तथ्याङ्क व्यवस्थित गरी नियमित अद्यावधिक गर्नुपर्छ । अनुदान पाउने व्यक्तिको नाम, रकम र प्रयोजन सार्वजनिक गर्ने व्यवस्था पनि अनिवार्य गरिनुपर्छ । त्यसैगरी साना, सीमान्तकृत, महिला, दलित तथा विपन्न किसानलाई विशेष प्राथमिकता दिन आवश्यक छ । ठूला व्यावसायिक फार्मले मात्र अनुदान पाउने अवस्था अन्त्य गरी थोरै जमिनमा खेती गरेर परिवार पालिरहेका किसानसम्म पनि सरकारी सहयोग पुग्नुपर्छ । अनुदान वितरणपछि त्यसको सदुपयोग भए नभएको अनुगमन गर्ने र दुरुपयोग गर्नेलाई कानुनी कारबाही गर्ने व्यवस्था प्रभावकारी बनाउनुपर्छ ।

Opinion @ Social Network

सम्बन्धको हिसाब होईन,
आफ्नै भबिष्यको हिसाब मिलाउदै छु।
(सुन्दर खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Sundar.Khadka)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००१९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५

अस्पताल कार्यालय
लुम्बिनीस्टि अस्पताल ०७१-५५५५७, ५५५५८८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
भिमलअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०३२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिपलेन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४५४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४

एम्बुलेन्स सं.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लिग्रो क्लब अस बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८१-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल ९५४७०२२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बगाई क्लब बगाई ०७६-६९१७०२
रेडक्रस बेल्हद ०७१-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-४२२२०७
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५
रामपुर टे.इन्स्टी.:९८५७७२२४७,९८५७७६,०४

दैनिक राशिफल

मेष : जिम्मेवारीले काममा जोस थप्नेछ। खानपान नमिल्दा शरीर भारी हुन सक्छ।
वृष : मनमा दबिएको खुसी व्यक्त गर्ने अवसर मिल्नेछ। काममा सीप देखाउनुहोस्।
मिथुन : काममा आफ्नो परिचय र अनुभव स्पष्ट राख्नुहोस्। पेटमा समस्या हुन सक्छ।
कर्कट : मनमा स्पष्टता आउनेछ। काममा विश्रामका लागि समय छुट्याउनुहोस्।
सिंह : आफ्नो निर्णयमा भरोसा बढ्नेछ। आम्दानी र खर्चबिचको सीमा नाघ्न नदिनुहोस्।
कन्या : उपलब्धिले आत्मबल बढाउनेछ। लगातार कामले शरीरमा थकान हुन सक्छ।
तुला : सम्बन्धमा सहजता आउनेछ। पानी कम पिउने बानी सुधार्नुहोस्।
वृश्चिक : काम सुधारको बाटो खुल्नेछ। कामका कागजात सुरक्षित राख्नुहोस्।
धनु : टाढाको कामका लागि खबर आउन सक्छ। सम्बन्धमा स्पष्टता आउनेछ।
मकर : मेहनतको मूल्य बुझ्ने दिन हुनेछ। भविष्यको योजनामा उपाय भेटिन सक्छ।
कुम्भ : विचारलाई काममा उतार्ने हिम्मत बढ्नेछ। समय शान्त कार्यमा बिताउनुहोस्।
मीन : मनमा कोमलता बढ्नेछ। सीपबाट आम्दानी गर्ने नयाँ उपाय खोज्नुहोस्।

'रानीमहल' उपन्यासको एक विश्लेषणात्मक समीक्षा

माया पलाउने, बढाउने र हुर्काउने सर्वकालिन प्रेम मिलन 'रानीघाट'



पदम न्यौपाने

नेपाली ऐतिहासिक उपन्यासको मूल विशेषता विगतका घटना र पात्रहरूको वर्णन गर्नु मात्र होइन, त्यस समयको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक तथा धार्मिक परिवेशलाई साहित्यिक कल्पनाका माध्यमबाट जीवन्त बनाउनु पनि हो । यस दृष्टिले रामचन्द्र खनालद्वारा लिखित रानीमहल उपन्यासले प्रेम, इतिहास, संस्कृति, प्रकृति, अध्यात्म र पुरातात्विक खोजलाई एउटै आख्यानमा जोड्ने प्रयास गरेको देखिन्छ । उपन्यासको केन्द्रमा खड्ग शमशेर र तेजकुमारीको सम्बन्ध रहे पनि यसको विषयवस्तु व्यक्तिगत प्रेमकथामा मात्र सीमित छैन । यसले तत्कालीन पाल्पाको ऐतिहासिक अवस्था, सेनवंशीय शासन परम्परा, धार्मिक तथा सांस्कृतिक सम्पदा, स्थानीय जनजीवन र लुम्बिनीसँग सम्बन्धित पुरातात्विक खोजसम्मको विषयलाई समेटेको छ । त्यसैले यो कृति प्रेमकथाका रूपमा मात्र नभई पाल्पाको इतिहास, भूगोल, संस्कृति र सम्पदाबारे पाठकलाई जिज्ञासु बनाउने ऐतिहासिक आख्यानका रूपमा पनि अध्ययनयोग्य छ । उपन्यासमा खड्ग शमशेर र तेजकुमारीको सम्बन्धलाई केवल वैवाहिक सम्बन्धका रूपमा मात्र चित्रण गरिएको छैन् । यसलाई आपसी समझदारी, भावनात्मक निकटता, रुचिको सामञ्जस्य र वैचारिक संवादमा आधारित सम्बन्धका रूपमा समेत प्रस्तुत गरिएको छ । खड्ग शमशेरको यसअघि दुई विवाह भइसकेको अवस्थामा तेस्रो विवाहका लागि परिवारसँग अनुमति माग्नु र पारिवारिक सल्लाहअनुसार तेजकुमारीलाई कान्छी पत्नीका रूपमा भित्र्याउनु तत्कालीन राणा परिवारको वैवाहिक संरचनासँग सम्बन्धित प्रस्नु हो । विवाहपश्चात् तेजकुमारी खड्ग शमशेरकी प्रिय तथा मन मिल्ने जीवनसाथीका रूपमा स्थापित भएको उपन्यासले देखाउँछ । खड्ग शमशेरको पाल्पामा सरुवा भएपछि परिवार काठमाडौँबाट पाल्पा आउनु र पाल्पा दरबारमा बसोबास सुरु गर्नु कथाको महत्वपूर्ण मोड हो । एकैपटक दुई वटी महिलासँग विवाह भएपनि केही वर्ष पछि खड्ग सम्शेरले तेश्रो विवाह गर्ने परिवारसँग अनुमति मागेपछि पारिवारिक सल्लाह बमोजिम नै कान्छी पत्नीको रुपमा तेज कुमारी भित्राएका थिए । विवाह पश्चात खड्ग सम्शेरको अत्यन्त मनपर्ने,मन मिल्ने र वण्डीगं मिलेको पत्नीको रुपमा उनले परिचय पाएकी थिइन् । अर्घाखाँचीको ठाडाबाट खड्ग सम्शेरको पाल्पा मुकामसरुवा भएपछि उनको परिवार काठमाडौँबाट पाल्पा आयो । पाल्पा दरबारमा (हालको संग्रहालय) बस्न थालेपछि दरबारको सरसफाइ देखी सोन्दर्यकरण गर्न तेज कुमारीले मेहनत गरेको देखेपछि खड्गलाई उनको आचरण, व्यवहार, संस्कारका साथै पाल्पाको इतिहास र वर्तमान अवस्थाको बारेमा राख्ने निरन्तरका जिज्ञासाबाट खड्गलाई झनै आकर्षित गरेको थियो । खड्ग सम्शेरलाई धिर सम्शेरको विशेष रुची र रणनीति स्वरुप अंग्रेजीयुक्त पढाइका लागि वातावरण बनाएका थिए । त्यसैले उनी परिवारका अन्य सदस्य भन्दा प्रतिभाशाली थिए । उनलाई पाल्पाको इतिहास, संस्कृति र आर्थिक सामाजिक अवस्थाको बारेमा बढी जिज्ञासु बनाउन तेज कुमारीको भूमिका रहेको थियो । यस अर्थमा तेजकुमारीको भूमिका खड्ग शमशेरको व्यक्तिगत जीवनमा मात्र होइन, उनको बौद्धिक यात्रामा समेत अर्थपूर्ण देखिन्छ । तेजकुमारीको चरित्र निर्माणमा प्रकृतिप्रेम एउटा महत्वपूर्ण आधार बनेको छ । उनलाई चराचुरुङ्गीसँग रमाउन, प्राकृतिक सौन्दर्यको अनुभव गर्न र स्थानीय जनजीवन बुझ्न विशेष रुचि रहेको उपन्यासमा प्रस्तुत गरिएको छ । तेज कुमारीलाई प्रकृति प्रति औधी मोह थियो । चराचुरुगींसंग रमाउन मन पर्थ्यो । दरबारको नजिकै यस्तो स्थानमा जान चाहान्यिन् जहाँ प्रकृत र सामाजिक संस्कृतिको अनुभूति गर्न पाइयोस् । पहिलो भ्रमणका रुपमा माडी फाँट जाने निधो भयो र एउटा समूह त्यता हिड्यो । हिड्ने वेलामा कसैले भनेथ्यो, माडीपुग्नु अगाडिको डाँडा(सम्भवत सुन्दरगाँउको ठाटी)मा रामेश्वर पण्डितको वसोवास रहेको र उनलाई सो क्षेत्रका बारेमा पूर्ण जानकारी छ । प्रभासको मणिमुकुन्देश्वर महादेव र बंशगोपालको दर्शन गरी त्यता लागिन । बाटोमा पण्डित रामेश्वर आए र माडी क्षेत्रका बारेमा पूर्वजानकारी गराए । उनै रामेश्वर पण्डितले प्रकृति,संस्कृति, जनजिवन, चराचुरुगी एवं माण्डव्य ऋषिको बारेमा जानकारी गराए । उनले माण्डव्य ऋषि सम्वन्धित कथामा प्रेम, समर्पण,भावना र प्रम प्रति सेव्या ब्राह्मणीको समर्पण सुनाएर तेजकुमारीमा प्रेमील भावना, प्रकृति प्रेम र चराचुरुगी प्रतिको मोह भन् गाढा बनेको थियो भन्ने कुरा उपन्यासमा उल्लेख छ । तेजुकुमारी तत्पश्चात चराचुरुगीं संकलनमा रुचि राख्न थालिन भनि खड्ग सम्शेरप्रति भनै मायालु बन्दै गइन्, हरपल प्रेमील भावमा प्रस्तुत हुन थालिन् । पश्चिम पाल्पाको भ्रमणका अवसरमा नाथ योगी र ज्ञान विरसंगको सम्पर्क र उनिहरुद्वारा पाल्पाका बारेमा गराएको जानकारीले खड्ग सम्शेर र तेज कुमारीलाई पाल्पाको इतिहास, पाल्पाका सम्पदा, सेनहरुको राज्य सञ्चालन विधि र विस्तारित राज्यको क्षेत्र, अर्थ व्यवस्था, सामाजिक अवस्था, जनताको जिवन स्तर र पाल्पाको सवल पक्षका वारेका गहिरो जानकारी भयो । यसले खड्गलाई भनै आन्तरिक रुपबाटै मजवुत बनायो । नाथ योगीले पाल्पामा धेरै महत्वपूर्ण दस्तावेजहरु भएको र सो खोजवीन गर्ने ,संकलन गर्न जरुरी भएको बताएका थिए । धेरै एतिहासिक प्रमाणहरु जो कोहीले पनि आफूखुशी प्रयोग गर्न सक्ने हुनाले संकलन गरी सुरक्षित राख्ने, जगेर्ना गर्ने र अभिलेख राख्दा अनुसन्धानका लागि उपयोगी हुने र राज्यलाई फाइदा हुने बताएका थिए । उनले बजारको संरचना र पाल्पाका सम्पदाहरुको बारेमा जानकारी गराएका थिए । ज्ञानविरले अरनिको पाल्पाका नागरिक भएको तर्क र दावी गर्दै योगी नरहरी नाथको लेखमा समेत उल्लेख गरिएको बताउँदा खड्ग सम्शेरलाई अझ बढी अनुसन्धान प्रति रुचि बढ्यो र आकिर्षित गऱ्यो । त्यसैगरी बुटवलको जितगढीमा भएको नेपाल अंग्रेज युद्धमा जित हासिल गर्ने क्षमता राख्ने कारणका सन्दर्भमा खड्ग सम्शेरले थप जिज्ञासु बनायो । छोटो समयमै युवा उजीर सिंहले भ्रमण गरेका क्षेत्र, सरकारलाई पठाएका जानकारी र आफै गोरखपुर सम्म पुगेर अंग्रेजहरुको युद्धको तयारी बारे जानकारी लिएको जस्ता क्षमताबाट खड्ग सम्शेर प्रभावित बनेका थिए । यसका बारे थप छलफलका लागि श्रीनगर स्थित शितलकुटीमा(नौ कोठे बंगला) विभिन्न जानकारहरुसँग लामो छलफल गरेका थिए । सेन राजाहरुको इष्टदेव बंशगोपालको महत्व र महादेव मन्दिर अनि भैरवको महत्व बारे धेरै जिज्ञासा राखेका थिए । यस्ता धार्मिक पक्षहरुका सन्दर्भमा तेजकुमारीको पनि निकै रुचि बढ्दै गएको थियो । सेनराजा देखी सबैले मान्दै आएको बराङ्दी घाटमा लाग्ने हरिसयनी एकादशी मेला, त्यहाँ रहेको उत्तरवाहिनी काली,शालिग्रामको उपलब्धता, कालीगण्डकीको दर्शन र चराचुरुगींहरुको उपलब्धताबाट प्राप्त हुने मनशान्तिको चर्चाले तेजकुमारीलाई त्यहाँ पुग्ने अभिलाषा जाग्यो । तेजकुमारीको त्यहाँ जाने प्रस्तावलाई स्विकार गर्दै खड्ग सम्शेरले आफ्नो मन उमगिंत भएको सुनाए । उनीहरु बराङदी हुदै त्यहाँ पुगे । घाटमा पुगेपछि तेजकुमारी र खड्ग सम्शेर झूलो ढुंगामा बसेर काली गण्डकी हेर्दै थिए । माझी मुखियाको प्रकृति, चराचुरुगिंको वर्णन, वरपरको वस्ती र जनताको अवस्थावारे धेरै कुरा सुने । यसै क्रममा तेजकुमारीको मनमा अनौठो सोंच आयो र खड्ग सम्शेर समक्ष प्रस्ताव राख्ने अनुमति मागिन । तेजकुमारीबाट अचानक आएको यस्तो प्रस्तावलाइ स्विकार गर्दै भने, हस् । तेजकुमारीले भनिन् – म मरेपछि यही ढुंगा माथी एक भव्य दरबार बनाएर यहीबाट हजुरले राज गर्नु म सधै सपनामा आएर प्रेमको भेट दिनेछु । खड्गको अनायस जवाफ आयो हस् । यहाँ सुन्दर अपुर्व दरबार बनाउला,यो देखेर सबै कल्पिएन र हेरुन् , उनले कवुल गरे । तेज कुमारीको अर्को प्रस्ताव आयो– यो घाटलाई अब रानीघाट भन्ने र दरबार बने पछि रानीमहल नामाकरण गर्ने साथै माथीको जंगललाई रानी वन भन्ने । यो बनलाई आजै देखी रानी वन भनौं । पुन तेजकुमारीले अर्को प्रस्ताव राखिन र भनिन्–यो स्थानमा हरेक वर्ष मायाँ मेला लगाऔं । कारण बताउदै उनले भनिन्– यो स्थानमा आउँदा कुनै जोडीको प्रेम बस्योस्, विवाह हुन नसके अर्को जन्ममा उहीसँग विवाह होस् र यसबाट प्रेमको सञ्चार जुनीजुनीलाइ गराओस् । यो गहिरो प्रेम भएको जोडीले कहिले पनि मुटुचुडाएर, मन कुडाएर अलग्गै बस्न नपरोस् । अन्तरआत्माको दिव्य मिलन र आवाज मनको कुनाकाप्चामा लुकेर बसोस् । उनीहरुले सोचुन्–अधिल्लो जन्ममा जोडी, यस जन्ममा प्रेम र मिलन भएन भने पनि अर्को जुनीमा मिलन वा विवाह होस् र मायाँको डोरी नचुडोस् कहिले । उनीहरु यहाँ आएर खुलुन, अन्तरआत्माको भाव यहाँ देखियोस्, । यो सुनेपछि खड्गलाई लाग्यो तेजकुमारीको मायाँ आफूमामात्र केन्द्रित नभएर मानविय प्रेमको चिन्ता रहेछ भनेर अत्यन्त प्रभावित भए । तेजुमारीले सो अवसरमा मायाँ मेलाको परिभाषा, स्वरुप र प्रभाव बारे चित्रण गरेकी मात्र होइनन् रानीवनका चर्चाले पनि सो स्थानका बारेमा गाउने बताइन् । तेजकुमारीको यो वाणी बडो अचम्मको थियो । खड्ग सम्शेरको मनमा अनायस लाग्यो– यो स्थान त मायाँ पलाउने, बढाउने र हुर्काउने सर्वकालिन प्रेम मिलनको दोभान रहेछ । तेजकुमारीको आकस्मिक निधनपछि उनको पार्थिव शरीरलाई रानीघाट लगेर उत्तरवाहिनी कालीगण्डकीमा अन्त्येष्टि गरिएको प्रसङ्गले कथालाई अत्यन्त मार्मिक बनाएको छ । तेजकुमारीले जीवनकालमै व्यक्त गरेको इच्छाअनुसार खड्ग शमशेरले त्यस स्थानमा भव्य दरबार निर्माण गरेको उपन्यासमा वर्णन छ । यसरी रानीमहलको निर्माणलाई पत्नीप्रतिको प्रेम, वाचा, स्मृति र समर्पणको मूर्त अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । रानीमहलको महत्व यसको स्थापत्य संरचनामा मात्र सीमित छैन । यो एउटा व्यक्तिको निजी शोकलाई सार्वजनिक सांस्कृतिक सम्पदामा रूपान्तरण गरिएको प्रतीकका रूपमा पनि बुझ्न सकिन्छ । आज रानीमहल पाल्पाको पहिचान, ऐतिहासिक गौरव र पर्यटनको महत्वपूर्ण केन्द्र बनेको छ । यहाँ पुग्ने पर्यटकहरूले दरबारको सौन्दर्यसँगै यसको प्रेमसम्बन्धी आख्यानलाई पनि अनुभूत गर्छन् । विशेषत: युवा पुस्ताका लागि रानीमहल प्रेम, आकर्षण र आत्मीयताको प्रतीकका रूपमा स्थापित हुँदै गएको छ । कतिपय जोडीहरूले त्यहाँ पुग्दा आफ्नो सम्बन्धमा नयाँ आत्मीयता र प्रगाढता अनुभूत गरेको बताउने गरेका छन् । यस्ता अनुभूतिहरूलाई वैज्ञानिक तथ्यका रूपमा नभई सांस्कृतिक स्मृति र प्रेमसम्बन्धी आख्यानले सिर्जना गरेको भावनात्मक प्रभावका रूपमा बुझ्नु उपयुक्त हुन्छ ।

-बाँकी तीन पेजमा...

कला मनोरञ्जन

यसपालि दसैँमा किन सुस्ताए नेपाली फिल्म ?




नेपाली फिल्म उद्योगका लागि दसैँको समय सधैँ गोल्डेन पिरियड मानिन्छ । लामो बिदा र उत्सवको माहोलमा दर्शकहरू हलसम्म ओइरिने र फिल्मले राम्रो व्यापार गर्ने परम्परा यसपटक भने केही फिक्का देखियो । किनभने दसैँको अवसर पारेर प्रदर्शनमा आएका बहुप्रतिक्षित तीन ठुला फिल्म 'आबाट आमा २', 'छ माया छपक्कै २' र '१२ गाउँ २'को बक्सअफिस तथ्यांकले फिल्मको व्यापारमा आएको सुस्तालाई उजागर गरेको छ । केही वर्ष अगाडिसम्म दसैँमा प्रदर्शन हुने फिल्महरूले करोडौँको व्यापार गर्दै कीर्तिमान बनाउने गरेपनि यस वर्षको नतिजा भने निर्माता र वितरकका लागि सोचेजस्तो हुन सकेन । सुपरहिट फिल्मका सिक्वेलका रूपमा आएका यी तीन फिल्मले बजार तताउने अपेक्षा गरिए पनि बक्सअफिसमा तिनको प्रदर्शन औसत भन्दा उठ्न सकेन । दसैँको बिदालाई लक्षित गर्दै प्रदर्शनमा आएका यी तीनै फिल्म पहिले नै दर्शकमाझ हिट फिल्मका सिक्वेल हुन् । सिक्वेल भएकै कारणले मात्रै दर्शकको ओइरो लाग्ने दिन सकिएको संकेत बक्सअफिस रिपोर्टले देखाएको छ । चलचित्र विकास बोर्डले आइतबार (१५ गते) राति ११:५९ सम्मको व्यवसायलाई आधार मान्दै सार्वजनिक गरेको तथ्यांक अनुसार, 'आबाट आमा २' ले यस दौडमा अग्रता लिएको छ । चन्द्र पन्तको निर्माण तथा निर्देशनमा बनेको यो फिल्मले सो अवधिमा ६ करोड २४ लाख ७० हजार १३० रुपैयाँ ग्रस कलेक्सन गरेको छ । २ लाख १३ हजार १९४ जना दर्शकले हेरेको यो फिल्ममा पल शाह, विपना थापा, आकाश श्रेष्ठ, भारतीय खलपात्र प्रदीप रावतलगायतको जम्बो टोली छ । त्यस्तै, दोस्रो स्थानमा रहेको 'छ माया छपक्कै २' ले ३ करोड ३४ लाख ८४ हजार ४३५ रुपैयाँको ग्रस कलेक्सन गरेको छ । 'आबाट आमा २' र '१२ गाउँ २' भन्दा एक दिन ढिलो फूलपातीबाट प्रदर्शनमा आएको यो फिल्मलाई १ लाख ३ हजार ९७९ जना दर्शकले हेरेका छन् । दीपेन्द्र लामा निर्देशित यस फिल्ममा दीपकराज गिरी र केकी अधिकारीको मुख्य अभिनय छ । दीपक-दीपाको सहभागिता भएर बनाइएका फिल्ममध्ये सबैभन्दा कमजोर व्यवसाय यसै फिल्मले गऱ्यो । रिलिज अगाडि फिल्मले कम्तीमा पनि १० कारोड कमाउने अनुमान गरिएको थियो । त्यस्तै, यसपालिको दसैँ रिलिजमा सबैभन्दा कमजोर प्रदर्शन विराज भट्ट निर्देशित '१२ गाउँ २' को देखिएको छ । २ करोड २९ लाख ५७ हजार ९८६ रुपैयाँ ग्रस कलेक्सन मात्र गर्न सफल यो फिल्म ८४ हजार ८०३ जना दर्शकले मात्र हेरेका छन् । फिल्मको पहिलो पार्टले १९ करोड ९१ लाख घरेलु बजारमा व्यापार गरेको तथ्याङ्क बक्सअफिसमा छ । यो फिल्मले पनि यतिकै हाराहारी व्यवसाय गर्ने अनुमान गरिएको थियो । नेपाली फिल्म क्षेत्रका लागि दसैँको बक्सअफिस ओरालो लाग्ने क्रम वास्तवमा गत वर्षबाटै सुरु भएको हो । विगतका वर्षहरूमा दसैँमा रिलिज भएका फिल्मले गर्ने उत्साहजनक व्यापार अहिले सपनाजस्तै भएको छ । तथ्यांकलाई केलाउने हो भने गत वर्ष दसैँमा रिलिज भएका 'बलिदान', 'हरिबहादुरको जुत्ता' र 'माइतीघर' ले कुल १४ करोड बढीको व्यापार गरेका थिए । जबकि, २०८१ सालको दसैँमा 'छक्का पञ्जा ५' र '१२ गाउँ'ले मात्रै ३५ करोड बढीको व्यवसाय गरेर बक्सअफिसमा रेकर्ड बनाएका थिए । सोही वर्ष रिलिज भएको 'ज्वाइँ साप'को व्यापार दुई फिल्मका तुलना सन्तोषजनक नहुँदा त्यसको तथ्यांक नै सार्वजनिक गरिएन । तर फिल्मले ३ करोड बढी व्यवसाय गरेको बताइन्छ ।

किन चलेनन् फिल्म ?

यस वर्षको दसैँमा फिल्मको व्यापार खस्किनुमा एक नभएर धेरै कारण जिम्मेवार रहेको सरोकारवालाहरू बताउँछन् । पहिलो त फिल्महरूको गुणस्तर हो । सिक्वेलका रूपमा आएका 'छ माया छपक्कै २' र '१२ गाउँ २'ले दर्शकको अपेक्षालाई पूरा गर्न नसकेको गुनासो सुनिन्छ । अर्कोतर्फ धेरै फिल्महरू एकै पटक रिलिज हुँदा दर्शकको छनोट बाँडिएको हुन सक्छ । साथै, भदौ १२ गते गएको विनाशकारी बाढी-पहिरोले मुलुकको जनजीवन र अर्थतन्त्रमा पारेको गहिरो असरलाई पनि प्रमुख कारणका रूपमा हेरिएको छ । मानिसको आर्थिक अवस्था कमजोर हुनु र आम नागरिकमा मनोरञ्जनभन्दा पनि जीवनयापनको चिन्ता बढी देखिनुले पनि हलमा दर्शकको संख्या घटेको कतिपयले बताउँदा कतिपय डिजिटल मनोरञ्जनका साधनहरूको बढ्दो प्रभाव र हलमा तान्ने खालका 'स्टार पावर' भएका हिन्दी फिल्मको अभावले पनि हलमा दर्शकको चहलपहल घट्न पुग्यो तर्क गर्छन् । वितरक करण श्रेष्ठका अनुसार यस वर्षको व्यापारमा बाढी-पहिरोको प्रभाव प्रत्यक्ष देखिएको छ । 'भदौमा गएको प्राकृतिक विपत्तिले देशको अर्थतन्त्र र आम मानिसको मानसिकतामा गहिरो चोट पुऱ्यायो,' श्रेष्ठ भन्छन्, 'फिल्म आफैँमा खराब थिएनन्, तर बाढीपछिको परिस्थितिले गर्दा दर्शक हलसम्म आउने मुडमा देखिएनन् ।' यो समस्या केवल फिल्ममा नभई देशको समग्र अर्थतन्त्रमा नै देखिएको उनको धारणा छ । त्यस्तै, चलचित्र प्रदर्शक तथा चलचित्र संघका वरिष्ठ उपाध्यक्ष गोपालकाजी कायस्थले यसलाई 'स्टारडम'मा मात्र भरपर्ने प्रवृत्तिको नतिजाका रूपमा अर्थ्याएका छन् । 'दर्शकले फिल्मबाट जुन स्तरको अपेक्षा राखेका थिए, त्यो पुरन सकेन । '१२ गाउँ' र 'छ माया छपक्कै २' को टिमले दर्शकलाई बाँध्न नसक्नु र फिल्मको व्यापार घट्नुको मुख्य कारण कलाकार हो । 'छ माया छपक्कै २' टिम वक्ल हो । यस अगाडि देखिएका कलाकार अहिले छैनन्,' कायस्थले भने, '१२ गाउँ २'मा अभिनेता समिर भट्टभन्दा अरू नै हाबी भए ।'-*रातोपाटी डटकम*

'मेरोस्ट्रिम' ओटीटी सञ्चालनमा, कति मासिक शुल्क ?



कोरोना महामारीपछि विश्वभर डिजिटल प्लेटफर्ममा दर्शकको आकर्षण ह्वात्तै बढेको छ । यसैगै ओटीटी प्लेटफर्महरू पनि निकै फस्टाएका छन् । नेपालमा मात्रै कोभिडपछि एक दर्जनभन्दा बढी ओटीटी सञ्चालनमा आइसकेका छन् । अब नेपाली बजारमा नयाँ ओटीटी प्लेटफर्मको उदय भएको छ । त्यो हो, 'मेरोस्ट्रिम' । सोमबारबाट औपचारिक रूपमा सञ्चालनमा आएको यो ओटीटीले दर्शकलाई आकर्षित गर्न बेसिक, स्ट्यान्डर्ड र प्रिमियम गरी तीन प्रकारका सदस्यता योजना ल्याएको छ । बेसिकको २९९ रुपैयाँ, स्ट्यान्डर्डको ३९९ रुपैयाँ र प्रिमियमको ५९९ रुपैयाँ शुल्क निर्धारण गरिएको छ । एउटै सदस्यताले प्लेटफर्ममा उपलब्ध सम्पूर्ण सामग्री हेर्न सकिने जनाइएको छ । 'मेरोस्ट्रिम'का सञ्चालकका अनुसार तीनवटै योजना विज्ञापनरहित हुन् । एउटै खाताबाट चारवटासम्म प्रोफाइल बनाउन सकिने सुविधा छ भने क्रोमकास्ट वा एयरप्लेमार्फत टिभीमा समेत सामग्री हेर्न सकिनेछ । भुक्तानीका लागि दर्शकले खल्ती र इसेवासहित भिसा, मास्टरकार्ड र अमेरिकन एक्सप्रेस प्रयोग गर्न सक्नेछन् । 'मेरोस्ट्रिम'ले सुरुवाती चरणमा दुई फिचर फिल्म 'कुमारी' र 'कठपुतली' रिलिज गरेको छ । यसका साथै लघुफिल्म 'आमा', 'डल्स हाउस' र 'मिसिङ ब्राइड', स्ट्यान्डअप कमेडी शो 'मेरो माइक' तथा एनिमेटेड चाइल्ड सिरिज 'हजुरआमाको कथा' पनि प्लेटफर्ममा उपलब्ध छन् । 'मेरोस्ट्रिम'ले तिहार र छठको अवसरमा नयाँ फिल्म तथा वेब सिरिजहरू रिलिज गर्ने जनाएको छ ।-*फिल्मीखबर डटकम*

सत्यजीत रेको टू : दुई सामाजिक वर्गको मौन चित्रण



सामान्यतया सत्यजीत रे आफ्ना फिल्महरूमा संवाद, बङ्गाली साहित्यको प्रभाव र मानवीय सम्बन्धका जटिलतालाई चित्रण गर्छन् । तर, सर्ट फिल्म 'टु' मा उनले कुनै पनि संवादको प्रयोग नगरी विशुद्ध दृश्य भाषा, ध्वनि र संगीतको माध्यमबाट वर्गीय असमानता, पुँजीवादी अहंकार र उपभोक्तावादमाथि प्रहार गरेका छन् । १२ मिनेटमा समाज र मानवीय मनोविज्ञानलाई पर्दामा उतारेका छन् ।

रूपरेखा

फिल्मको कथा निकै सरल र गम्भीर प्रतीकहरूले भरिएको छ । यसमा केवल दुईवटा पात्रहरू छन्–दुई फरक आर्थिक र सामाजिक वर्गका बालकहरू । कथाको सुरुवात एउटा स्टूलो, सम्पन्न र आधुनिक घरबाट हुन्छ । जहाँ एक सम्भ्रान्त परिवारको बालक (रवि किरण) एक्लै छ । उनका आमाबुबा घरमा छैनन् । उसको आसपास महँगा, मेकानिकल र आधुनिक खेलौनाहरूको चाङ छ । ऊ कोका-कोला पिउँदै, मिकी माउसको टोपी लगाएर आफ्ना महँगा खेलौनाहरूसँग खेलिरहेको छ । तर, यति धेरै भौतिक सुखसुविधाका बाबजुद उसको अनुहारमा एक्लोपन, दिक्दारी र छटपटी देखिन्छ । यत्तिकैमा उसको ध्यान झ्याल बाहिर जान्छ । घरमुनिको एउटा विपन्न बस्तीमा अर्को एउटा बालक (बाबु विश्वास) खुला आकाशमुनि रमाइरहेको छ । त्यो विपन्न बालकसँग कुनै महँगो खेलौना छैन । ऊसँग केवल एउटा बाँसुरी, एउटा सानो ड्रम र एउटा कागजको चङ्गा छ । तर, उसको अनुहारमा स्वतन्त्रता र आत्मसन्तुष्टि देखिन्छ । जब धनी बालकले विपन्न बालकलाई बाँसुरी बजाएर रमाइरहेको देख्छ, उसको भित्री अहम् जाग्छ । यहींबाट दुई बालकहरूबीच एउटा निर्वाक् 'खेलौना युद्ध' सुरु हुन्छ । धनी केटोले विपन्न केटोको हरेक रैथाने र साधारण खेलौनाको जवाफ आफ्ना आधुनिक, ठूला र महँगा मेकानिकल खेलौनाहरू प्रदर्शन गरेर दिन खोज्छ । विपन्न बालकले बाँसुरी बजाउँदा धनी बालकले ठूलो आवाज निकाल्ने ब्यान्ड-ट्रम्पेट बजाउँछ । विपन्न बालकले साधारण मास्क लगाएर धनुषबाण हातमा दिएर नाच्दा धनी बालकले डरलाग्दो राक्षसको मास्क र महँगो खेलौना तरबार देखाएर उसलाई जिस्क्याउँछ । यस प्रतिस्पर्धा पराकाष्ठामा तब पुग्छ जब विपन्न बालकले आकाशमा एउटा साधारण चङ्गा उडाउँछ । विपन्न बालकको चङ्गा आकाशमा स्वतन्त्रतापूर्वक उडिरहेको देखेर धनी बालकको ईर्ष्या सहनशीलताभन्दा बाहिर जान्छ । ऊ भित्रबाट एउटा एयर राइफल लिएर आउँछ । त्यो चङ्गालाई दागेर खसालिदिन्छ । आफ्नो चङ्गा च्याति्एर भुइँमा खसेपछि विपन्न बालक निराश हुन्छ र ऊ त्यहाँबाट हराउँछ । धनी बालकले आफूलाई 'विजेता' महसुस गर्छ र गर्वका साथ आफ्नो कोठामा फर्कन्छ । तर, फिल्मको अन्त्य सोचेभन्दा निकै फरक हुन्छ । धनी बालक आफ्नो कोठामा फर्कदा उसको एउटा मेकानिकल रोबोट खेलौना आफै ठीकिएर भुइँमा ढल्छ । यत्तिकैमा बाहिरबाट पुनः त्यही विपन्न बालकको बाँसुरीको मधुर धुन गुञ्जिन थाल्छ ।

थिम

'टु' फिल्मको सारवस्तुको रूपमा वर्गीय विभाजन रहेको छ । सत्यजीत रेले दुई चरित्रलाई वर्गीय आधारमा विभाजन गरेका छन् । धनी बालक घरको माथिल्लो तलामा (उचाइमा) बस्छ, जसले समाजको उच्च वर्गको प्रतिनिधित्व गर्छ, जसले तल्लो वर्गलाई सधैँ माथिबाट नियाल्छ । विपन्न बालक भुइँमा (सडकमा) छ, जसले विपन्न वर्गको प्रतिनिधित्व गर्छ । धनी बालकको खुसी 'उपभोग' मा आधारित छ, जहाँ उसलाई खुसी हुनका लागि नयाँ वस्तु, नयाँ प्रविधिको आवश्यकता हुन्छ । अर्कोतर्फ, विपन्न बालकको खुसी 'सिर्जना' मा आधारित छ, जहाँ ऊ आफैले बनाएका वा प्रकृतिले दिएका साधारण वस्तुहरूमा रमाउन सक्छ । रेले मानवीय संवेदना र वास्तविक आनन्दलाई उपभोगसँग असम्बद्ध रहेको देखाएका छन् । फिल्ममा देखाइएका खेलौनाहरू वैचारिक प्रतीक हुन् । धनी बालकका खेलौनाहरू बजारबाट किनिएका, मेकानिकल र आयातित छन् । जसले पश्चिमा उपभोक्तावादी संस्कृतिको अन्धो अनुकरणलाई सङ्केत गर्छ । विपन्न बालकका खेलौनाहरू प्राकृतिक र स्थानीय छन्, जसलाई बजाउन वा चलाउन मानवीय श्रम र कलाको आवश्यकता पर्छ । भौतिक रूपमा सम्पन्न बालक आफ्नै घरको चार पर्खालभित्र 'कैदी' जस्तो छ । फिल्म सन् १९६४ मा रिलिज भएको हुनाले धेरै समीक्षकहरूले यसलाई तत्कालीन भियतनाम युद्ध र शीतयुद्धको प्रतीकात्मक कृतिको रूपमा हेर्ने गर्छन् । धनी बालकले शक्ति राष्ट्रको प्रतिनिधित्व गर्छ । विपन्न बालकले भियतनाम वा तेस्रो विश्वका साना, संघर्षशील देशहरूको प्रतिनिधित्व गर्छ, जो आफ्नो स्रोत साधनको सीमितताका बीच मौलिकता जोगाउन लडिरहेका छन्।

प्राविधिक कुरा

झ्यालबाई विभाजक रेखाको रूपमा प्रयोग गरिएको छ । जसले धनी र विपन्नको संसारलाई अलग गर्छ । क्यामेराले धनी बालकको अनुहारका क्लोज-अप शटहरूमा उसको अहङ्कार, ईर्ष्या र एक्लोपनलाई समातेको छ । जब ऊ चङ्गालाई गोली हान्छ, क्यामेराले उसको क्रूरतालाई देखाउँछ । तर, चङ्गा भुइँमा खसेपछिको सन्नाटाले दृश्यलाई निकै भारी बनाउँछ । रेले ध्वनिलाई संवादको प्रतिस्थापनको रूपमा प्रयोग गरेका छन् । धनी बालकको कोठामा मेकानिकल खेलौनाहरूको 'ट्याङ-ट्याङ', 'चुँ-चुँ' जस्ता कृत्रिम र कर्कश आवाजहरू आउँछन्, जसले आधुनिक जीवनको यान्त्रिकता दर्शाउँछ । यसको विपरीत, विपन्न बालकको बाँसुरीको धुन प्राकृतिक, सुमधुर छ । जसले जीवनको जैविक र प्राकृतिक लयलाई बुझाउँछ । अन्त्यमा बज्ने बाँसुरीको आवाजले मानवीय हार्दिकताको शाश्वतता प्रमाण दिन्छ ।-*वनलाइन खबर डटकम*

प्रेम, इतिहास र सम्पदाको...

...यस अर्थमा रानीमहल भौतिक सम्पदा मात्र नभई सामूहिक भावनाको सांस्कृतिक केन्द्र पनि बनेको छ । उपन्यासको अर्को महत्वपूर्ण पक्ष खड्ग शमशेरको अध्ययन, अनुसन्धान र पुरातात्विक खोजप्रतिको रुचि पनि हो । पाल्पामा रहँदा उनले कालीगण्डकी करिडोर हुँदै मुक्तिनाथ र लोमान्थाडसम्मको भ्रमण गरेको प्रसङ्गले उनको भौगोलिक, धार्मिक तथा सांस्कृतिक अध्ययनको दायरा फराकिलो रहेको देखाउँछ । विभिन्न धार्मिक स्थलको दर्शनसँगै शालिग्राम शिलाको महत्वबारे अध्ययन गरेको कथ्यले उनको जिज्ञासु स्वभावलाई थप पुष्टि गर्छ । यसै सन्दर्भमा वीर शमशेरबाट लुम्बिनीको अध्ययनका लागि आउने जर्मन अन्वेषक टोलीलाई सहयोग गर्न निर्देशन प्राप्त भएको प्रसङ्ग उपन्यासमा उल्लेख छ । खड्ग शमशेरले उक्त निर्देशनलाई औपचारिक सहयोगमा मात्र सीमित नगरी स्थानीय मानिसहरूको सहयोग लिएर आफैँ उत्खनन तथा खोजीकार्य गरेको र त्यसपछि मात्र अन्वेषक टोलीलाई सम्बन्धित स्थान देखाएको विवरणले उनको अनुसन्धानप्रतिको सक्रियता उजागर गर्छ । लुम्बिनीको अशोक स्तम्भको पुनःपहिचान र उत्खननसँग खड्ग शमशेरको नाम जोडिनु नेपालको पुरातात्विक इतिहासको महत्वपूर्ण प्रसङ्ग हो । यसले उनलाई दरबारिया जीवनमा सीमित पात्रका रूपमा नभई ऐतिहासिक खोज तथा सम्पदा पहिचानसँग सम्बन्धित व्यक्तित्वका रूपमा पनि प्रस्तुत गर्छ । यसैगरी लुम्बिनी जाने क्रममा सत्यवतीको धार्मिक तथा सांस्कृतिक महत्व बुझेर दर्शन गर्न गएको प्रसङ्गले पाल्पाका स्थानीय सम्पदाप्रतिको उनको रुचिलाई पनि स्पष्ट पार्छ । रानीमहल उपन्यासको एउटा विशेषता ऐतिहासिक पात्र र घटनालाई भावनात्मक तथा कल्पनात्मक आख्यानसँग जोड्नु हो । उपन्यासमा ऐतिहासिक व्यक्तित्व, स्थानीय किंवदन्ती, धार्मिक आख्यान, मौखिक परम्परा र साहित्यिक कल्पनाको सम्मिश्रण पाइन्छ । यसले पाठकलाई इतिहासक घटनाहरूलाई केवल मिति र तथ्यका रूपमा नभई मानवीय अनुभूति र सम्बन्धका माध्यमबाट बुझ्ने अवसर प्रदान गर्छ । विशेषत: तेजकुमारीको प्रेमभाव, प्रकृतिप्रतिको अनुराग, चराचुरुङ्गीसँगको आत्मीयता र माण्डव्य ऋषिसम्बन्धी कथासँग जोडिएका भावनात्मक प्रसङ्गहरूले उपन्यासमा रोमान्टिक तथा आध्यात्मिक वातावरण निर्माण गरेका छन् । यो समीक्षा पुस्तकको प्रशंसामा मात्र सीमित नराखी आलोचनात्मक सन्तुलन कायम गरेर तयार गरिएको छ । अरनिकोको पाल्पासँगको सम्बन्ध, लुम्बिनीको अशोक स्तम्भको खोज तथा अन्य ऐतिहासिक दाबीलाई उपन्यासको कथ्य र प्रमाणित इतिहासका रूपमा छुट्याउनु आवश्यक छ ।तेजकुमारीलाई केवल प्रेममयी पत्नीका रूपमा नभई इतिहास, प्रकृति र समाजप्रति जिज्ञासा राख्ने स्वतन्त्र सोच भएकी महिलाका रूपमा विश्लेषण गर्नु समीक्षाको विशेष उपलब्धि हो । रानीमहल निजी प्रेमको स्मृतिबाट सार्वजनिक सम्पदाको निर्माण भएको अवधारणालाई समीक्षाको केन्द्रीय निष्कर्ष बनाइएको छ । यसरी लेख्दा तपाईको समीक्षा एउटा उपन्यासको कथासार मात्र नभई साहित्यिक आलोचना, ऐतिहासिक विश्लेषण र पाल्पाको सांस्कृतिक सम्पदाको महत्व उजागर गर्ने स्वतन्त्र समीक्षात्मक लेख बन्न सक्छ ।

लुम्बिनी मन्त्रिपरिषद्का निर्णय : उपचार कार्यविधि स्वीकृत



बुटवल, कार्तिक १७ / लुम्बिनी प्रदेश सरकारले सशस्त्र द्वन्द्वदेखि विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनका क्रममा घाइते भएका नागरिकको उपचार व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले नयाँ कार्यविधि स्वीकृत गरेको छ ।

प्रदेश सरकारले सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेस आन्दोलन तथा पछिल्लो जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचारसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरेको हो । योसँगै घाइतेहरूको उपचार तथा व्यवस्थापनमा थप सहजता हुने अपेक्षा गरिएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा मंगलबार बसेको लुम्बिनी प्रदेश मन्त्रिपरिषद्को बैठकले उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको हो । विभिन्न कालखण्डमा भएका राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनमा सहभागी हुँदा घाइते भएका नागरिकको स्वास्थ्य उपचारसम्बन्धी व्यवस्थालाई संस्थागत गर्ने दिशामा प्रदेश सरकारले यो निर्णय गरेको जनाइएको छ । सरकारको निर्णयले द्वन्द्व तथा आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचारलाई प्राथमिकतामा राख्दै उनीहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने नीतिगत आधार तयार गरेको छ । मन्त्रिपरिषद् बैठकले घाइतेहरूको उपचारसम्बन्धी कार्यविधि मात्र नभई प्रदेश सरकारको शासकीय सुधार, सुशासन र सार्वजनिक प्रशासनलाई थप व्यवस्थित बनाउने विषयमा समेत महत्वपूर्ण निर्णय गरेको छ । बैठकले आर्थिक वर्ष २०८२/८३ को शासकीय सुधार तथा सुशासनसम्बन्धी वार्षिक प्रतिवेदन स्वीकृत गरेको छ । त्यस्तै, प्रदेश सरकारअन्तर्गतका कार्यालय तथा सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति र मनोनयन प्रक्रियालाई व्यवस्थित बनाउन तयार गरिएको प्रदेश सरकारअन्तर्गत तथा सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी नियुक्ति तथा मनोनयनसम्बन्धी कार्यविधि, २०८३ पनि मन्त्रिपरिषद्ले पारित गरेको छ । सरकारका प्रवक्ता तथा सामाजिक विकास मन्त्री रामजीप्रसाद घिमिरेले मन्त्रिपरिषद् बैठकका निर्णयबारे जानकारी दिँदै उक्त कार्यविधिहरू स्वीकृत भएको बताएका हुन् ।

यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेशको वन क्षेत्रको संरक्षण, व्यवस्थापन तथा नियमनसँग सम्बन्धित कानुनी व्यवस्थालाई परिमार्जन गर्ने निर्णयसमेत गरेको छ । बैठकले प्रदेश वन (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको छ । यस निर्णयसँगै प्रदेशभित्र वन व्यवस्थापन तथा वनसम्बन्धी प्रशासनिक प्रक्रियालाई थप व्यवस्थित बनाउने सरकारको प्रयास अघि बढेको छ । तर निजी वनमा रहेका रुख कटान, तिनको उपयोग, ओसारपसार, बिक्री वितरण तथा अनुगमनसम्बन्धी कार्यविधि भने मन्त्रिपरिषद्ले स्वीकृत गरेन । उक्त कार्यविधिलाई थप अध्ययन तथा आवश्यक प्रक्रिया पूरा गर्न सम्बन्धित मन्त्रालयमै फिर्ता पठाउने निर्णय बैठकले गरेको छ । बैठकले प्रदेश सरकारअन्तर्गतका विभिन्न निकायको नेतृत्व तथा प्रशासनिक जिम्मेवारी बाँडफाँट गर्ने निर्णयसमेत गरेको छ । लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सचिवका रूपमा कार्यरत नीता पोखेल अर्याललाई दिने निर्णय गरिएको छ । त्यसैगरी, लुम्बिनी पर्यटन विकास परिषद्को आर्थिक तथा प्रशासनिक कार्य सञ्चालनको जिम्मेवारी प्रशासन अधिकृत माधव शर्मालाई तोकिएको छ । यी निर्णयमार्फत प्रदेश सरकारअन्तर्गतका निकायको नियमित प्रशासनिक तथा आर्थिक कार्य सञ्चालनलाई सहज बनाउने अपेक्षा गरिएको छ । त्यस्तै बैठकले स्वास्थ्य तथा प्रशासनिक सेवामा कार्यरत कर्मचारीहरूको सेवासम्बन्धी निर्णय पनि गरेको छ । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा कार्यरत डा. कृष्णहरी सुवेदी र सामाजिक विकास निर्देशनालय, राप्ती उपत्यका (देउखुरी) मा कार्यरत सहसचिव दिवाकर भण्डारीको अनिवार्य अवकाश स्वीकृत गर्ने निर्णय बैठकले गरेको हो । यसैगरी, लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा कार्यरत डा. प्रताप पोखरेलले दिएको स्वेच्छिक राजीनामासमेत मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।

खेलकुद समाचार


विराटनगरले जनकपुरलाई २ रनले हरायो



काठमाडौं, कार्तिक १७/नेपाल प्रिमियर लिग (एनपीएल) मा विराटनगर किङ्गसले जनकपुर बोल्ट्समाथि २ रनको रोमाञ्चक जीत हासिल गरेको छ । विराटनगरले दिएको १७५ रनको लक्ष्य पछ्याएको जनकपुरले २० ओभरमा ७ विकेट गुमाएर १७२ रन बनायो । जनकपुरका सैफ हसनले ७१, विशाल शुल्लिङले ४३, जेम्स नीशमले २७ रन बनाए । विराटनगरका आन्द्रे रसेलले ४, एन्जेलो म्याथ्युजले २ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ३ विकेट गुमाएर १७४ रन बनायो । विराटनगरका इमरान शेखले ५६, आन्द्रे रसेलले नटआउट ५२, लोकेश बमले ५० रन बनाए । जनकपुरका अभिषेक तिवारीले २, मोइन अलीले १ विकेट लिए । यो जीतसँगै विराटनगर ४ खेलमा ४ अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । जनकपुर ४ खेलमा ४ अङ्कसहित नेट रन रेटका आधारमा तेस्रो स्थानमा छ । एनपीएलको दोस्रो खेलमा लुम्बिनी लायन्स र पोखरा एभेन्जर्स खेल्दैछन् । यो खेल बेलुकी ५ बजे शुरू हुनेछ । अहिलेसम्म दुई खेल खेलको लुम्बिनीले एकमा जीत र एकमा हार बेहोरेको छ । यस्तै पोखराले दुई खेलमै हार बेहोरेको छ । आठ वटा टोली सहभागी तेस्रो संस्करणको एनपीएल आउँदो मङ्सिर ५ गतेसम्म चल्नेछ ।

अर्थ/कर्पोरेट समाचार

नेप्से परिसुचक बढ्यो



पाल्पा, कार्तिक १७/साताको दोस्रो सेयर कारोबार दिन मंगलबार नेप्से परिसूचक एकल अंकले बढेको छ । यसदिन नेप्से परिसूचक ६ दशमलव ६२ अंकले बढेर २६६४ दशमलव १३ विन्दुमा पुगेको हो । यसअघि सोमबार नेप्से परिसूचक ३२ दशमलव ६५ अंकले घटेर २६५७ दशमलव ५० विन्दुमा पुगेको थियो । सो दिन ७ अर्ब १८ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । नेप्से बढेपनि कारोबार रकम भने सोमबारको तुलनामा घटेको छ । ३४९ वटा स्किप्सको १ करोड ५४ लाख २० हजार ९२० कित्ता सेयर ५ अर्ब ६५ करोड ११ लाख ४२ हजार ५२३ रुपैयाँमा खरिदबिक्री भए । सेयर बजारमा सुधार आएपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । २३ करोड बढीको सेयर कारोबार गरी ग्लोबल आईएमई बैंक शीर्षस्थानमा रह्यो । बुटवल पावर र कुमारी बैंकले १९/१९ करोडको सेयर कारोबार गर्दा सोल्टी होटलले १६ करोड र सानिमा मिडल तमोर हाइड्रोपावरले १५ करोडको कारोबार गरे । ८ वटा समूहको उपसूचक बढ्दा चारवटा समूहको उपसूचक नकारात्मक देखिए । फाइनान्स,इन्भेष्टमेन्ट,मनु एण्ड प्रो र अदर्श समूहको उपसूचक घट्दा बाँकी समूहको उपसूचक सकारात्मक देखिएका हुन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

विपत्को पूर्व तयारीमा जुटौं

- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफवाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार

विज्ञापन बोर्ड

सिन्कामारी रोटीको व्यवसायबाट...

...हेर्दा आकर्षक, खानलाई स्वादिलो, सजिलो तथा तयारी खाजाको रूपमा प्रयोग गर्न सकिने भएकाले चाडपर्वको समयमा सिन्कामारी रोटीको खपत धेरै हुनेगर्छ । चामलको पिठो पकाएर त्यसलाई मेसिनमा पेलेर बनाउने गरिन्छ । बनाउन झन्झटिलो भए पनि सिन्कामारीको व्यापार गर्नेको कमाइ भने राम्रो रहेको उनको अनुभव रहेको छ । धेरैजसो ग्राहक घरमै पनि लिन आउने भएकाले बजारको समस्या नभएको उनको भनाइ छ । तिहारको समयमा यसको माग पनि राम्रो हुने भएकाले बिक्री गर्न सजह हुने गरेको गिरी बताउछिन् । उनले एक दर्जनलाई थोकमा रु २५० का दरले र होलसेलमा रु ३०० का दरले बिक्री गर्दै आएको सुनाइन् । उनीसँगै जिल्लामा पछिल्लो समय तिहारलाई लक्षित गरेर सिन्कामारी बनाएर बिक्री गर्नेको सङ्ख्या बढ्दै गएको छ । यसका कारण यामको व्यापारले घरको आर्थिक पार्जनमा समेत थप टेवा पुरने गरेको उनको अनुभव रहेको छ ।- *रासस*

लुम्बिनीमा विश्व शान्तिका...

...बुद्धको यस अवतरणलाई ज्ञान, करुणा र धर्मको महत्त्वसँग जोडेर व्याख्या गरिन्छ । विश्वभरका बौद्ध धर्मावलम्बीका लागि आस्थाको केन्द्रका रूपमा रहेको लुम्बिनीमा आयोजना भएको यस प्रकारको अन्तर्राष्ट्रिय धार्मिक कार्यक्रमले बुद्धको जन्मभूमिको पहिचानलाई थप सुदृढ बनाउने देखिन्छ । विभिन्न मुलुकका श्रद्धालुहरू एकै स्थानमा भेला भई विश्वशान्तिको कामना गर्नुले लुम्बिनीलाई धार्मिक आस्था मात्र नभई विश्व मानव समुदायबीच शान्ति, सहअस्तित्व र सद्भाव प्रवर्द्धन गर्ने साझा आध्यात्मिक थलोका रूपमा समेत स्थापित गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । सात दिनसम्म सञ्चालन हुने पूजामार्फत विश्वमा व्याप्त अशान्ति, द्वन्द्व र मानवीय संकट अन्त्य भई सबै प्राणीले सुख, शान्ति र सुरक्षित जीवन प्राप्त गरून् भन्ने कामना गरिनेछ । बुद्धको जन्मभूमि लुम्बिनीबाट प्रवाह हुने शान्ति, अहिंसा र करुणाको सन्देशले विश्व समुदायलाई सकारात्मक दिशातर्फ प्रेरित गर्ने अपेक्षासहित धार्मिक कार्यक्रम सञ्चालन भइरहेको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई